# इस्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### इस्मा रजस्थल,गुल्मी
### लुम्बिनी प्रदेश, नेपाल

## ढुंगा, गिट्टि, वालुवा उत्खनन् एंव संकलन गर्ने कार्यको शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना

**राष्ट्रिय दैनिक पत्रिकामा सूचना तेस्रो पटक प्रकाशित मिति : २०७८।०७।०८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को खण्ड (६), दफा ६४ को उपदफा १ (घ), लुम्बिनी प्रदेश सरकारको आर्थिक अध्यादेश २०७८ को दफा ९ (१), अनुसूची ६, र इस्मा गाउँपालिकाको निर्णयानुसार तोकिएका नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थको प्रदेश सरकारबाट तोकेको दररेट बमोजिम बिक्रि गर्नु पर्ने भएकोले यस गाउँपालिकाको सार्वजनिक खरीद नियमावली २०७५ को अधिनमा रही वातावरण संरक्षण नियमावली २०७७ अनुसार वातावरणीय परिक्षण प्रतिवेदन (IEE)ले पेश गरेको प्रतिवेदन अनुसार देहायका शर्तहरुको अधीनमा रहि आ व २०७८।०७९ को बाँकी अवधि (२०७९ जेष्ठ मसान्त) सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक मूल्य अभिबृद्धि करमा दर्तावाला फर्म/कम्पनीहरुबाट वोलपत्र खरिद गरी आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको को नाममा रहेको Bank of Kathmandu Ltd., Isma Maidan शाखामा रहेको ०१८१००००००५४५२४ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा ७५ दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी इस्मा गाउँकार्यपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ। ठेक्का स्वीकृत भए पश्चात एकमुष्ठ रकम बुझाउन चाहेमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ। थप जानकारीका लागि गाउँपालिकाक्को सूचना पाटीमा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**क) बोलपत्र खरिद हुने अन्तिम मिति, समय : २०७८ कार्त्तिक १४, कार्यालय समय सम्म**
**ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय : २०७८ कार्त्तिक १५, दिनको १२ :०० बजे सम्म**
**ग) बोलपत्र खोलिने स्थान, मिति, समय : २०७८ कार्त्तिक १५, दिनको २:०० बजे**
**१. आन्तरीक बिक्री तर्फ : (ढुंगा, गिट्टी, वालुवा र मिस्कट)**

| सि.न. | नदि/खोलाको नाम | घाटगद्दिका लागि तोकिएको स्थान | आ.व. ०७८/०७९ मा बिक्रि गर्न सकिने जम्मा बार्षिक परिमाण(घन मिटरमा) | आ.व. ०७८/०७९ को लागि तोकिएको न्यूनतम अंक - मु.अ.कर बाहेक | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | छल्दी खोला | रातडाडा देखि छलदीपनाह हुदै गुर्वा खोला सम्मको बगर क्षेत्र | ५१६१ | १४,५८,०००।- | १,०००।- | ७३००० |
| २ | छल्दी खोला | गुर्वा खोला देखि हुलाके अरादी खोला सम्म | ४८९८ | १३,८३,७५०।- | १,०००।- | ६९२०० |
| ३ | छल्दी खोला | कुखुरे खोला दुकुर्दी भंगकाटे | १५६५ | ४,४२,५००।- | १,०००।- | २२२०० |
| ४ | निस्ती खोला | समन्द्रे देखि खहरे खोला सम्म | ५१९४ | १४,६७,७५०।- | १,०००।- | ७३५०० |

**<u>शर्त तथा बन्देजहरु :</u>**

**१) प्रचलित कानुन बमोजिम दर्ता भएका फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र प्रतिलिपि, मु.अ.कर प्रमाणपत्र प्रतिलिपि, आ.व. ०७७।०७८ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि, बोलपत्र दस्तुर तिरेको प्रमाण, कबोल अङ्कको ५ प्रतिशत धरौटी बराबरको प्रमाण र Power of Attorney संलग्न गरि बोलपत्र पेश गर्न सकिनेछ ।**

**२) बोलपत्र बिक्री तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोहि समयमा सोको भोलिपल्ट गरिनेछ । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वंवयम वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा नीजको प्रतिनिधि अनुपस्थित भएपनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ । बोलपत्रदाताबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।**

**३) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस सूचनाको अभिन्न अंगको रुपमा रहनेछ ।**

**४) बोलपत्र दाखिला गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले उत्खनन् एवं घाटगद्दी गर्न तोकिएको स्थान निरिक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।**

**५) बोलपत्र स्वीकृत भए पश्चात तोकिएको समयभित्र कवोल अंक बराबरको रकम गाउँपालिकाको नाममा रहेको Bank of Kathmandu Ltd. खातामा जम्मा गरेको सक्कलै भौचर, मु.अ.कर बापतको १३% रकम र अग्रिम आयकर वापतको १.५% को रकम जम्मा गरेको भौचरको प्रतिलिपि सहित पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ । कबोल रकम सम्झौता अगावै एकमुष्ट जम्मा गर्नेलाई मु.अ.कर बाहेकको कबोल रकममा मात्र १०% छुट दिई सम्झौता गरिनेछ । एकमुष्ट रकम जम्मा गर्न नसकेमा कवोल अङ्कको ४०% रकम र बाँकी ६०% बराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७९ श्रावन मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानी पत्र -परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै सो ६०% रकम ०७९ साल वैशाख मसान्त भित्र वा कुल उत्खनन् परिमाण ७५% परिमाण मध्ये जुन पहिला हुन्छ सोही मितिमा दाखिला गर्नुपर्नेछ ।**

**६) वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाईने छैन साथै वातावरण संरक्षण सम्बन्धि कार्यालयको प्रतिवद्धता र आदेशलाई पालना गर्नुपर्ने छ ।**

**७) यो सूचनामा उल्लेख भएका शर्तहरु यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**